CC-0. In Public Domain. Digitization by eGangotri

बौ.द 324

बौ.द - 325

R.

आ. १३

आर्य मञ्जुश्री नाम संगीतिः

नेपाली अनुवाद सहिता

सम्पादक एवं प्रकाशक

काशीनाथ न्यौपाने

वाल्मीकि विद्यापीठ

भृकुटीमण्डप, प्रदर्शनी मार्ग, काठ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वै.ध. ३२४

R.

आर्य मञ्जुश्री नाम संगीतिः

नेपाली अनुवाद सहिता

उपहार Acc. 5335/5335

सम्पादक एवं प्रकाशक

काशीनाथ न्यौपाने
वाल्मीकि विद्यापीठ
भृकुटीमण्डप, प्रदर्शनी मार्ग, काठ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुरोवाक्

'आर्यमञ्जुश्रीनामसंगीति' नामक यो अत्यन्त प्रसिद्ध, महत्वपूर्ण र वज्रयान एवं मन्त्रयानको मूल ग्रन्थ हो। वज्रयानपरम्परामा यसको ठूलो आदर छ। वज्रयानलाई व्यवस्थित एवं व्यवस्थ-रूपमा यस ग्रन्थले पूर्णव्यवस्थित रूपमा प्रतिपादन गरेको छ।

यसका अनेक टीका, उपटीका, वृत्ति एवं टुप्पटीका या टिप्पणीहरू आज पनि उपलब्ध छन्। तिब्बतमा यस ग्रन्थको गंभीर परम्परा आज प्रवाहित छ।

महेन्द्र सं. विश्वविद्यालयमा बौद्धदर्शन आचार्य पाठ्यक्रममा राखिएको यो ग्रन्थ नेपालीमा अनूदित हुनु अपरिहार्य थियो। त्यसैले ४ वर्षपूर्व यो ग्रन्थ नेपालीमा अनुवाद हुनुपर्ने तथ्य हामीहरूले निश्चित गरेपछि तत्कालले एक सप्ताहभित्र उक्त काम पूरा भयो। एकजना व्यक्तिले उक्त ग्रन्थ छापनका लागि लानु भयो तर ४ वर्षमा पनि उहाँले त्यो पुस्तक प्रकाशनको काम गर्नु भएन, तर उहाँले कृपा गरेर पुस्तक फर्काउनु भयो तदर्थ उहाँलाई धन्यवाद दिन चाहन्छु।

म. सं. वि. मा यस्ता प्राज्ञिक काम गर्ने कुनै पनि व्यवस्था न देखिएको र हामी प्राध्यापकहरूले छपाउन न सक्ने हुनाले र विद्यार्थीको समस्या बुझेर, पुस्तक अनुपलब्ध भएको यो समस्या समाधानार्थ यसलाई photo copy छायाप्रतिको रूपमा प्रकाशित गरिएको छ। यसरी नै मैले तत्वसंग्रह, कालचक्रयान, वज्रच्छेदिका, गुह्यसमाजतन्त्र आदि ग्रन्थहरूपनि अनुवाद गरिसकेको परिप्रेक्ष्य यसरी नै प्रकाशित गर्नुबाहेक अरू विकल्प अहिले सम्म देखिएको छैन।

काशीनाथ न्यौपाने

२०६१।१२।२९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

(328)

आर्य मञ्जुश्री नाम संगीतिः

अध्येषणा

ॐ नमो मञ्जुश्रीकुमारभूताय

कुमाररूप मञ्जुश्रीलाई नमस्कार छ।

अथ वज्रधरः श्रीमान् दुर्दान्तदमकः परः ।
त्रिलोकविजयी वीरो गुह्यराट् कुलिशेश्वरः ॥१॥

पं: श्रेष्ठ, त्रिलोक = काय, वाक्, चित्तलाई जित्ने

अथ, नैरात्म्यप्रतिपादक शून्यता = अ, अक्षोभ्य स्वभावप्रतिपादक निरालम्बकरुणा = थ, वज्रधरः = महाबुद्धज्ञान स्वरूप वज्र धारण गर्ने, श्रीमान् = अद्वय ज्ञानयुक्त, दुर्दान्त = विष्णु-शिव-हिरण्यगर्भ आदि देवसमूहद्वारा दमनगर्न नसकिने र उनीहरुलाई आफ्नो वशमा राख्ने, त्यसैले वीर, गुह्यराट् = श्रावक-प्रत्येकबुद्धयान भन्दा उत्कृष्ट वज्रयानमा महाबुद्धरूपले रहने, कुलिश = वज्रको शिखरमा अवस्थित हुनाले र सर्वोत्तम हुनाले पनि कुलिशेश्वर भनिएका त्यस्ता परमश्रद्धास्पद तथागतलाई नमस्कार छ ॥१॥

विबुद्धः पुण्डरीकाक्षः प्रोत्फुल्लकमलाननः ।
प्रोल्लालयन् वज्रवरं स्वकरेण मुहुर्मुहुः ॥२॥

विकसित श्वेतकमल सदृश नेत्र भएका, उत्फुल्ल सेतो र रातोगुणले युक्त कमल जस्तो मुखभएका - स्त्री एवं पुरुषस्वरूप, निर्विकल्प परमाक्षरबुद्धज्ञानरूप श्रेष्ठ वज्रलाई आफ्नो करकमलद्वारा जगतको कल्याणार्थ बारम्बार खेलाई रहेका तथागतलाई नमस्कार ॥२॥

१

CC-0. In Public Domain. Digitization by eGangotri

भ्रूकुटीताङ्कप्रमुखैरनन्तैर्वज्रपाणिभिः ।
दुर्दान्तदमकैर्वीरैर्वीरबीभत्सरूपिभिः ॥ ३ ॥

ललाटमा उठेका ताङ्कदलद्वारा रोमाञ्चित भएका, भृकुटी योगरूप-
महाशून्यतारूपवज्रहातमा लिएका, दुर्दान्त दमकवीर,
उपायद्वारा युद्ध - तथागतलाई नमस्कार छ॥
बीभत्सरूप अक्षय, महारागरहित भएका
॥३॥

उल्लालयद्भिः स्वकरैः प्रस्फुरद्वज्रकोटिभिः ।
प्रज्ञोपायमहाकरुणाजगदर्थकरैः परैः ॥ ४ ॥

अत्यन्त तेजस्वी कोटि-कोटि महाशून्यतारूपवज्र आफ्नो
हातमा राखेर जगत्को कल्याणार्थ प्रज्ञा र उपायरूप
महाकरुणालाई प्रस्फुरण गर्ने भगवान् तथागतलाई
नमस्कार छ ॥ ४॥

हृष्टतुष्टाशयैर्मुदितैः क्रोधविग्रहरूपिभिः ।
बुद्धकृत्यकरैर्नाथैः सार्धं प्रणतविग्रहैः ॥ ५ ॥

आन्तरिक एवं बाह्यसुखद्वारा कायवाक्चित्तले युक्त भएका,
सहजकाम स्वरूप, अर्थात प्राणीहरूको कल्याणार्थ खुसी भएका,
त्यसैले सर्वधर्मशून्यता र समग्र आसक्ति रहित भएका,
योगीश्रेष्ठसंग बुद्धका कृत्य गर्न लोककल्याणार्थ सदा तत्पर हुन्,
महासुखमा निमग्न कायवाक्चित्तले युक्त भएका तथागत-
लाई नमस्कार ॥ ५॥

प्रणम्य नाथं सं बुद्धं भगवन्तं तथागतम् ।
कृताञ्जलि पुटो भूत्वा इदमाह स्थितोऽग्रतः ॥
॥ ६ ॥

सुखले युक्त भएका बोधिचित्त, प्रभास्वरज्ञानले युक्त,
सहजज्ञान युक्त, गति आगति बिहीन - त्यसैले तथागत
स्वरूप भगवान्लाई →

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[मित्रबाट नै] योगयुक्त अवस्थाद्वारा अथवा प्राणायामको
बलद्वारा कूटस्थ या योनिमुद्रमा अवस्थित भएर [भृकुटिमा अवस्थित भएर] स्वसंवेद्य महासुखको विषयमा
यस्तो निवेदन गरे।

अद्वितीय ममाधीश अनुकम्पाय मे विभो।
मायाजालाभिसंबोधे यथा लाभी भवाम्यहम् ॥७॥

~~हे प्रभु~~ महासुखस्वभावद्वारा तीन लोकमा व्याप्त हे प्रभु! ~~मेरो योगिनु~~ भृकुटिमा अवस्थित योगयुक्त मेरो कल्याण- अर्थात् ~~महासुखप्राप्ति~~ समग्र प्राणीहरूको सुखका लागि, सबै प्राणीहरूको अभिसङ्कल्प~~को प्र~~लाई बुझ्ने उद्देश्यले, स्कन्ध, धातु, आयतन आदिको विश्लेषणद्वारा ~~त्रैलोक्य~~ तीनै लोकका प्राणीहरूले गरेर ज्ञानको प्राप्ति द्वारा 'अ'कार एवं 'हूँ'कारको संपुट युगनद्धरूप हुन सकौं - यस्तो नामसंगीतिको प्रकाशन गर्नुहोस्।

अज्ञानपङ्कमग्नानां क्लेशव्याकुलचेतसाम्।
हिताय सर्वसत्त्वानामनुत्तरफलाप्तये ॥८॥

हे प्रभु, अविद्यारूप हिलोमा मग्न भएका प्राणीहरूको महासुखप्राप्तिरूप कल्याणका लागि, तथा क्लेश = दुःखद्वारा व्याकुलचित्त भएका प्राणीहरूको कल्याणार्थ अतिशयमहत्त्वपूर्ण महासुखरूप फलप्राप्तिका लागि नामसंगीतिको प्रकाशन गर्नुहोस् ॥८॥

• प्रकाशयतु संबुद्धो भगवान् शास्ता जगद्गुरुः।
महासमयतत्त्वज्ञ इन्द्रियाशयवित्परः ॥९॥

सहजसुखको उल्लासद्वारा सम्बुद्ध भएका, भिन्नाकारहरू यसले युक्त हुनाले नै भगवान् भएका, २१ हजार छ सय श्वासप्रश्वासलाई जान्ने हुनाले नै शास्ता [शासन गर्ने] भएका, यसैले कायवाक्चित्तले युक्त व्यक्तिहरूलाई तत्त्वको उपदेश गर्ने ~~गुरु~~ जगद्गुरु, ~~चतुर्थ~~ ग्राह्यग्राहकभावले युक्त चौथो विशुद्धरूप तत्त्वलाई जान्ने, लोकदेखि टाढा रहेका भगवान्ले इन्द्रियको सुखलाई जान्ने नामसंगीतिको प्रकाशन गर्नुहोस् ॥९॥ (३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भगवत् ज्ञानकायस्य महोष्णीषस्य गीःपतेः।
मञ्जुश्रीज्ञानसत्त्वस्य ज्ञानमूर्तेः स्वयम्भुवः ॥१०॥

हे भगवान्, चतुर्थबिन्दु धारण गर्ने ज्ञानकायको, बोधिचित्त-रूप बिन्दु, तृतीय बिन्दु भृकुटीबाट ऊर्ध्व सहस्रदलमा अवस्थित हुनाले नै उष्णीष[= केश]युक्त भएका, ~~वाणि~~ गीः = वाणि, यसका पति रूप 'वं' कार स्वरूप भएका, वज्रशिखरमा फुलेको पुण्डरीक कमल रूप अद्वय ज्ञानको आश्रय भएका, सबै प्राणीहरूको हृदयमा विहार गर्ने, हेतु निरपेक्ष भएर आफैं साक्षात्कार गर्ने तथागतले नामसंगीतिको प्रकाशन गरेन् ॥१०॥

गम्भीरार्थामुदारार्थां महार्थामसमां शिवाम्।
आदिमध्यान्तकल्याणीं नामसंगीतिमुत्तमाम्

~~महा~~ मन्त्र-आदि लेखमा उपदिष्ट भएको हुनाले नै गंभीर, र सहजरूप-महायान द्वारा सिद्ध हुनाले नै अर्थयुक्त भएको, महामुद्राको सर्वभाव स्वभावले युक्त हुनाले नै उदार भएको, अभिषेक द्वारा, श्रीवज्रादिको ~~[illegible]~~ आस्वादन हुनाले उत्तम, निर्विकार, ~~आनन्द~~ आदि आनन्द ज्ञान, मध्यमा परमानन्द-ज्ञान, र अन्तिममा विरमानन्द ज्ञान र उनीहरूको ज्ञान रहित हुनाले नै अति उत्तम नाना छन्द आदिमा वर्णहरूको महा-प्रवचन सहज आनन्द प्रकट गर्ने सम्यक् ज्ञान नामसंगीतिको धारण गर्दछु ॥११॥

याऽतीतैर्भाषिता बुद्धैर्भाषिष्यन्ते ह्यनागताः।
प्रत्युत्पन्नाश्च संबुद्धा यां भाषन्ते पुनः पुनः ॥१२॥

यो नामसंगीति, अतीतका बुद्धहरूले बताए, अनागत = भवि-बुद्धहरूले बताउने छन्, वर्तमानकालिक बुद्धहरू अहिलेका छन्, यसरी सबै नै कालमा सबै तथागतहरूले यसको प्रकाशन गरिने रहेछन् बारम्बार ॥१२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मायाजाले महातन्त्रे या चास्मिन् सम्प्रगीयते ।
महावज्रधरैर्हृष्टैर् - मेयैर्मन्त्रधारिभि ॥१३॥

मायाजाल नामक विशिष्ट तन्त्रग्रन्थमा जुन नामसंगीति आएको बताइएको छ, त्यसलाई महावज्रधर अर्थात् ज्ञानमायले युक्त अमेयगणका, परम ज्ञानात्मक पुरुषको धारण-गर्ने, विकल्पद्वारा जान्न नसकिने सहजानन्दभावमा अवस्थित तथागतद्वारा उसको ज्ञान गरी छ र प्रकाशन या उपदेश गरी छ ॥१३॥

अहं चैनां धारयिष्यामया निर्याणाद् दृढाशयः ।
यथा भवाम्यहं नाथ सर्वसंबुद्धगुह्यधृक् ॥१४॥

त्यसैले हे नाथ! त्यस नामसंगीतिलाई म अद्वयज्ञानको रूपमा धारण गर्नुहुँदा जबसम्म द्वादशभूमीश्वर हुन्न त्यसबेलासम्म दृढतापूर्वक सर्वबुद्धहरूद्वारा पाउने गुह्य परमाक्षर चतुर्विन्दु धारणगर्ने ज्ञानी हुनेछु ॥१४॥

प्रकाशयिष्ये सत्वानां यथाशयविशेषतः ।
अशेषक्लेशनाशाय अशेषाज्ञानहानये ॥१५॥

यसरी बिन्दुधारण गर्दा भएर, प्राणीहरूको सहज प्रकृतिद्वारा त्यसरी नै म प्रकाशित गर्नेछु जसद्वारा समग्रक्लेशखण्डहरूको नाश हुने छ र समग्रविकल्पवासनाको पनि नाश हुने छ, त्यसैले त्यस नाम-संगीतिलाई हे प्रभु प्रकाशित गरिदिनु होस ॥१५॥

एवमध्येष्य गुह्येन्द्रो वज्रपाणिस्तथागतम् ।
कृताञ्जलिपुटो भूत्वा प्रह्वकायः स्थितोऽग्रतः ॥१६॥

'एवं' कालरूप तथागत श्रीवज्रपाणि इत्यादि उहाँलाई यसरी निवेदन गरेर कायवाक्चित्त हेरफेरलामी, सहज रूपमा कायवाक्चित्तमा विनम्र हातजोडेर तथागतको अगाडि उभिनु भयो ॥१६॥

(५) इति आलोचना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतिवचनम्

अथ शाक्यमुनिर्भगवान् संबुद्धो द्विपदोत्तमः ।
निर्णमय्यायतां स्फीतां स्वजिह्वां स्वमुखाद्विभुम् ॥१॥

यसरी प्रथम अध्येषणा समाप्त भएपछि शाक्यमुनि भगवान् महावेरोचन वज्रधरले, ज्ञानकायको बोधद्वारा ज्ञानी मानवहरूमा श्रेष्ठ बुद्धले आफ्नो जिब्रोलाई निकाल्नु गरेर, [वेच्चीमु क्रमा अवस्थित भएर] अनन्तलोकधातुमा व्याप्त गरेर, त्यसैले विश्वबिम्बरूप भएर सहजानन्दस्वरूपमा अवस्थित भएर बस्नु भयो ॥१॥

स्मितं सन्दर्श्य लोकानामपायत्रयशोधनम् ।
त्रिलोकालोककरं चतुर्मारारिशासनम् ॥२॥

सहजचन्द्रको ज्योतिलाई प्रकाशितगरेर, देवगण, संसारको दुःखरत आनन्दपरमानन्द विरमानन्दहरूको कायवाक्चित्तबिन्दुहरूको सहजानन्दरूप अवबोधद्वारा शोधन गर्ने, लोक आलोकहरूको प्रकाशन गर्ने, निर्विकल्परूप — [2] —

त्रिलोकमापूरयन्त्या ब्राह्म्या मञ्जुल्या गिरा ।
प्रत्यभाषत गुह्येन्द्रं वज्रपाणिं महाबलम् ॥३॥

तीनै लोकलाई पूरित गर्ने, आफ्नो उत्पन्न - अनाहतनादरूप, महानुभावरूप वाणीद्वारा आफ्नो उत्तर गर्नुभयो - [भन्नु-भयो] [सहजानन्द ज्ञानले युक्त ~~महाबल~~ गुह्येन्द्र, सम्पूर्ण - विकल्पलाई नष्ट गर्ने हुनाले नै महाबलहरूलाई]

साधु वज्रधर श्रीमन् साधु ते वज्रपाणये ।
यस्त्वं जगद्धितार्थाय महाकरुणयान्वितः ॥ ४ ॥

जगत्‌को कल्याण गर्ने हे वज्रधर! अति राम्रो भन्नु भयो, हे श्रीमन्, तपाईंको कल्याण होस्। किनकि ~~महाकरुणाले~~ जगत्‌को कल्याणका लागि महा~~कल्याण~~करुणाले युक्त हुनु भएको छ ॥
॥४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महार्थां नाम सङ्गीतिं पवित्रामघनाशिनीम् ।
मञ्जुश्रीज्ञानकायस्य मत्तः श्रोतुं समुत्सहे ॥५॥

महान् अर्थ युक्त, निर्विकल्प सहजावस्थाको प्राप्तिद्वारा संग्रह गरिएको यो नामसंगीतिमय छ, सम्पूर्ण प्रकाशमान हुनाले पवित्र, लौकिक अज्ञानताले रहित भएकाले पापनाशगर्ने, नामसंगीतिलाई म ज्ञानकायबाट सुन्न उद्यत छौं यो अति राम्रो कुरा हो ।५॥

तत्साधु देशयामेषः अहं ते गुह्यकाधिपः ।
शृणु त्वमेकाग्रमनास्तत्साधु भगवन्निति ॥६॥

त्यसो भए, हे गुह्येन्द्र! यो नामसंगीतिको राम्री उपदेश गर्दछु त्यसैले एकाग्र भएर अर्थात् निर्विकल्प अवस्थामा स्थित भएर (आ)भगवान सुन ॥६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

षट्कुलावलोकनम् (८)

अथ शाक्यमुनिर्भगवान् सकलं मन्त्रकुलं महत् ।
मन्त्रविद्याख्यकुलं व्यवलोक्य कुलत्रयम् ॥ १॥

शाक्यमुनि भगवान् तथागतद्वारा महती प्रतिवचन = उत्तर दिइसके पछि - [गाथा उपदेश गरियो] मन्त्रमहायानको उपदेश, जुन ~~अर्थात्~~ षट्चक्रमा वज्रसत्त्वाधिष्ठानात्मक छ, साथै अतिशयपूर्ण छ, जुन कायवाक्चित्तस्वरूप र स्वसंवेद्य पनि छ। जुनचाहिँ जुन मन्त्रविद्या शुक्लपक्षको पालनगर्ने अक्षोभ्य हो, त्यसैले निःस्पृह आनन्द मन्त्रविद्याख्य भनिएको हो। त्यसलाई मन्त्रविद्यालाई पालन गर्ने हुनाले नै मन्त्रविद्याख्य, अर्थात् कायवाक्चित्तलाई हेर्दै, हेर्दै अर्थात् स्वयं अनुभव गर्दै, त्यसैले तान्त्रिक क्रमानुसार वज्रसत्त्व स्वभाव देखेका छन् हो ॥ १॥

लोकालोकोत्तरकुलं लोकालोककुलं महत् ।
महामुद्राकुलं चाग्र्यं महोष्णीषकुलं महत् ॥ २॥

कायवाक्चित्त, हृदय-चक्र, त्यसमा महामुद्रायुक्त भएको हो अभिप्राय जुन ~~महामुद्रा~~ सहजलोकातिशयस्वरूप छ। लोकालोककुलं संसारको प्रभास्वर प्रकाश त्यसको स्थान कण्ठमा अवस्थित छ। महामुद्राकुलं चाग्र्यम् = महामुद्रा कुल अर्थात् अमोघसिद्धि नै हो। महोष्णीषकुल - अर्थात् वज्रसत्त्वलाई पनि हेर्दै भगवान्ले गाथा उपदेश गर्नु भयो ॥२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

६ –

मायाजालाभिसम्बोधिः

इमां षण्मन्त्रराजानं संयुक्तामद्वयोदयाम्।
अनुत्पादधर्मिणीं गाथां भाषते स्म जिनाधिपतेः ॥१॥

यी छवटा वज्रतीक्ष्ण आदि अद्वयः शून्यता कारणबाट अभिन्न प्रज्ञा-उपायद्वय समापत्ति बाट उत्पन्न महासुख-रूप मन्त्र यहाँ ~~उल्लिखित गरी~~ उद्धार गरिएको छ। जुन मन्त्र अनुत्पन्न छ। जुन अद्वय मध्यममार्ग छ त्यो गुरुद्वारा प्रतिपादित हुन सक्तैन, आफूद्वारा नै अनुभूत गर्न सकिन्छ। ~~स्व~~ स्वयम्भू ज्ञानलाई नै अचिन्त्य ज्ञान भनिन्छ। यहाँ दुईवटा गाथा भगवान्ले प्रतिपादन गर्नु भएको छ ॥१॥

~~अ आ~~ अ आ इ ई उ ऊ ए ऐ ओ औ अं अः हृदि स्थितो।
ज्ञानमूर्तिरहं बुद्धो बुद्धानां त्र्यध्ववर्तिनाम् ॥२॥
ॐ वज्रतीक्ष्ण दुःखच्छेद प्रज्ञाज्ञानमूर्तये।
ज्ञानकाय वागीश्वर अरपचनाय ते नमः ॥३॥

अकार आदि १२ वटा स्वरहरू लिखित गरिएका छन्। यी सबै नै हृदयप्रदेशमा अवस्थित छन्। पीठ-उपपीठ आदि द्वादशभूमी बोधिचित्तका सूचक महासुखका ती अक्षरहरू। १२ वटा अक्षरद्वारा १२ वटा भूमिहरूको पनि संकेत गरिएको छ। हृदयप्रदेशमा विद्यमान १२ ~~~~ वर्णरूप ज्ञानमूर्ति ~~बुद्ध~~ बोधिचित्त-हरूको, ~~~~ तीन मार्गमा अवस्थित बुद्धहरूको पनि बुद्ध हुँ ॥२॥

ओं = वज्र-काय-वाक्-चित्त हरूको एकीकरण नै ओं हो। त्यही नै सहज-ज्ञान हो। त्यसद्वारा सम्पूर्ण विकल्प वायुहरूको संहार गरिने हुनाले त्यो तीक्ष्ण हो। त्यही नै दुःखको नाशक प्रज्ञा ज्ञानमूर्ति हो। यहाँ दुःखच्छेद = नैरात्म्य वैरोचन हो, प्रज्ञा ज्ञानमूर्ति अमिताभ हो। ज्ञानकाय रत्नसंभव हो। वागीश्वर अमोघसिद्धि हो। अरपचन = प्रज्ञा र उपाय द्वारा ~~~~ प्रभावित भएको वज्रसत्व हो। त्यसको साक्षात् दर्शन द्वारा नमस्कार छ ॥३॥

CC-0. In Public Domain. Digitization by eGangotri

वज्रधातुमहामण्डल

तद्यथा भगवान् बुद्धः सम्बुद्धोऽकारसंभवः ।
~~[illegible]~~ अकारः सर्ववर्णाग्र्यो महार्थः परमाक्षरः ॥ १॥

महामुद्रा अद्वैतत्वमा हो, त्यही नै भगवान् हो। सहजज्ञान नै बुद्ध हो। नित्य प्रबुद्ध वज्र नै सम्बुद्ध हो। अकार प्रज्ञापारमिता हो। त्यसबाट उत्पन्न प्रज्ञोपायत्वमा सहजकाय हो। त्यही नै अकार सबै वर्णहरूको मूल हो। किनकि त्यही अनाहत नाद हो। सम्पूर्ण बुद्धका गुणको प्रकाशक हुनाले महार्थ हो। उत्पाद निरोधरहित हुनाले परमाक्षर हो।

महाप्राणो ह्यनुत्पादो वागुदाहारवर्जितः ।
सर्वाभिलापहेत्वग्र्यः सर्ववाक् सुप्रभास्वरः ॥ २॥

त्यही नै (अकार=बुद्ध) दुवै नासिकाबाट सञ्चालित नहुने हुनाले महाप्राण हो। त्यसैले निर्विकल्पनिरालम्बनात्मक अनुत्पाद हो। त्यसैले ~~त्यसतो [illegible] रहित हुनुपर्थ्यो~~ त्यो शब्दरहित तत्त्व हो। सबै स्वर एवं व्यञ्जनहरूको अग्रस्थानीय भएकोहुनाले पारमार्थिक हुँदा ~~[illegible]~~ करणबाट अभिन्न हो। सबै वाणीहरूको प्रकाशक भएकोहुनाले परम अक्षर अकार- ~~संभव~~ स्वभावयुक्त भएको हो ॥ २॥

महामहो महारागः सर्वसत्त्वरतिङ्करः ।
महामहो महाद्वेषः सर्वक्लेशमहारिपुः ॥ ३॥

अलौकिक उत्सव, परमसुखात्मक वज्रसत्व नै महामह महाराग हो। त्यसैले उ सबै ~~प्राणी~~ प्राणीहरूको लागि आनन्ददायक छ। सबै प्रकारको श्वासप्रश्वासरहित अचल महाद्वेष - अक्षोभ्य, स्वभावयुक्त सर्वक्लेशमहारिपु भगवान् तथागत हुनुहुन्छ।

महामहो महामोहो मूढधीमोहसूदनः ।
महामहो महाक्रोधो महाक्रोधरिपुर्महान् ॥ ४॥

द्वन्द्व ~~[illegible]~~ मोहरूपबाट माथि उठेकोले नै महामह महामोह -

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनिरुद्धको हो। निर्विकल्पक सहजज्ञानयुक्त, परम ब्रह्म-चर्ययुक्त, सबै विकल्पनाशक महाक्रोध। त्यसैले कायवाक्चित्त प्रवृत्तिलाई एकात्मभावले परिवर्तन गर्ने हुनाले नै महाक्रोधादिप्रभु महान् अनिरुद्धको हो ॥४॥

महामदो महालोभः सर्वलोभनिषूदनः।
महाकामो महासौख्यो महामोदो महारतिः ॥५॥

तृष्णालोभको अतिक्रमण गरिसकेको, बाह्याचार प्रवृत्तिलाई छोडिसकेको, कायको आनन्दले निमग्न भएको, वचनको आनन्द पनि पाइसकेको, ज्ञानानन्दमा निमग्न देखागिन् हुनुहुन्छ ॥५॥

महारूपो महाकायो महावर्णो महावपुः।
महानामा महोदारो महाविपुलमण्डलः ॥६॥

मणिपूरमा (नाभिचक्र) प्रवासङ्कल्प भएका, संयोगकायमुक्त, अपूर्वाक आनन्द भएको नाम-अलौकिक वर्ण भएको, उदारताले गर्दा पात्रलाई अतिक्रमण गरेको, प्रवको विपुल प्रवर्तनलाई प्रयोग गर्ने बोधिप्राप्त महोदारस्वरूप, देखागिन हुनुहुन्छ ॥६॥

महाप्रज्ञायुधधरो महाक्लेशाङ्कुशोऽग्रणीः।
महायशा महाकीर्तिर्महाज्योतिर्महाद्युतिः ॥७॥

महाप्रज्ञारूप तरवारलाई हृदयदेशमा धारण गर्ने, धर्मधातुरूप महाप्रज्ञाद्वारा क्लेशहरूमा अग्रणी, प्राकृतरागद्वेष आदिको निर्मूलपार्नेमा अग्रणी ठूलो यश भएका, अनाहतनादबाट सहजआनन्द प्राप्त गर्नाले ठूलो यश भएका, अनाहतनादबाट सहजआनन्द उपलब्ध गराउने, सबै धर्म ~~सबैको मन~~ सबैलाई आनन्द उपलब्ध गराउने हृदयको निर्मल प्रकृतिज्योतिस्वरूप द्युति उत्पन्न गराउने, निर्मल प्रकृतिज्योतिस्वरूप महाद्युति कहलाउनु हुन्छ।

महामायाधरो विद्वान् महामायार्थसाधकः।
महामायारतिरतो महामायेन्द्रजालिकः ॥८॥

शून्यमुद्रालाई तादात्म्यस्वरूपले धारण गर्ने, ~~अनुत्तर~~ त्यसैले विद्वान्, महामुद्राको धारणद्वारा जगत्को कल्याण सम्पादन गर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

महामुद्राद्वारा प्राप्त आनन्दमा रमाउने, अद्वय आनन्दमा सधैं रमाइरहने, यसरी विद्वरा आनन्दले युक्त रहनुभएको हुनुहुन्छ ॥८॥

महादानपतिः श्रेष्ठो महाशीलधरोऽग्रणीः ।
महाक्षान्तिधरो धीरो महावीर्यपराक्रमः ॥९॥

सम्पूर्ण बाह्य एवं आध्यात्मिक पदार्थको त्याग गर्नेहरूको अधिपति, त्यसैले श्रेष्ठ - अतिशय उत्तम, बाह्य स्त्री-संपर्क आदिबाट मुक्त - चित्त एकाग्रता लक्षण, बाह्यद्वारादि-क्षोभमा रहित, त्यसैले धीर, समग्र श्वास प्रश्वास आदि निरोध भएको हुनाले महावीर्य, रहने पराक्रम भएका रहनुभएको हुनुहुन्छ ॥९॥

महाध्यानसमाधिस्थो महाप्रज्ञाशरीरधृक् ।
महाबलो महोपायः प्रणिधिज्ञानसागरः ॥१०॥

महासुखमा चित्त एकाग्र भएका, रहने समाधिमा अवस्थित - अनाहत नाद युक्त बाह्यविक्षेपरहित अवस्थामा रमाउने, अभिन्न संसार ज्ञान बल-शरीर भएका, शून्यता-करुणा बलले युक्त भएका, करुणा रूप अद्वय नै महत् - रूप महान् उपायको आलम्बन गर्ने, अहंकाररहित ज्ञानको सागर भएका रहनुभएको हुनुहुन्छ ॥१०॥

महामैत्रीमयोऽमेयो महाकारुणिकोऽग्रधीः ।
महाप्रज्ञो महाधीमान् महोपायो महाकृतिः ॥११॥

लोकोत्तर प्रज्ञाद्वारा परमार्थलाई प्रकाशित गर्ने, त्यसैले कसैसंग तुलना गर्न नसकिने, नरक दुःखको नाश गर्नमा अग्रणी भूमिका निर्वाह गर्ने, सधैं स्वयं प्रज्ञामा रहने, महामुद्राको ज्ञानद्वारा सबै प्राणीको सबैको कल्याण सम्पादन गर्ने - प्रज्ञानन्दहरूमा हितको लागि कहिल्यै नथाक्ने, गति रागतिको प्रज्ञाद्वारा सबै लोकलाई व्याख्या गर्ने, दश प्रकारका प्रयोगहरूको बोध गर्ने भगवान् रहनुभएको हुनुहुन्छ ॥११॥

CC-0. In Public Domain. Digitization by eGangotri

महाबुद्धिबलोपेतो महावेगो महाजवः ।
महर्द्धिको महेशाख्यो महाबलपराक्रमः ॥१२॥

सहजआनन्दमा स्थिर भएर ७२ हजार इडाय स्वास प्रश्वास-मार्गलाई नियन्त्रण गर्ने, सबै नाडीमा व्याप्त भएका, संवृति र विवृति क्रम द्वारा सबै अङ्गमा व्याप्त, लौकिक एवं अलौकिक पुण्यसंभार द्वारा धनी, त्यसैले ठूला मानिएका, परम आनन्दतत्वलाई पार गर्ने हुनाले ते पराक्रमयुक्त तथागत हुन्छन् ॥१२॥

महाभवाद्रिसंभेत्ता महावज्रधरो घनः ।
महाक्रूरो महारौद्रो महाभयभयङ्करः ॥१३॥

रागादि क्लेशरूपी ८० चुचुरा भएको भव=संसारको भेदन गर्ने, आलोक, आलोकाभास, आलोकोपलब्धि रूप अभ्यास स्वरूप वज्र धारण गर्ने, ठूलो रूपमा रहने, प्राण र अपान वायुको अतिक्रमण गर्ने, प्राण र इन्द्रियहरूमाथि विजय गर्ने, सबै विषयरति लैजाने प्राण र शाश्वतवाद र उच्छेदवाद यी दुई भयबाट मुक्त गर्ने हुनाले महाभयभयङ्कर तथागत हुन्छन् ॥१३॥

महाविद्योत्तमो नाथो महामन्त्रोत्तमो गुरुः ।
महायाननयारूढो महायाननयोत्तमः ॥१४॥

सधैं महामुद्रा धारण गर्ने, स्वामी, महाबुद्धज्ञानको अवस्थामा रहने, बुद्धमय ज्ञानको उपदेश गर्ने गुरु, महाबुद्ध ज्ञानमा सधैं आरूढ रहने, चतुर्थ उत्तमस्थानमा अवस्थित भई रहने तथागत हुन्छन् ॥१४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुविशुद्धधर्मधातुज्ञानम्

महावैरोचनो बुद्धो महामौनी महामुनिः।
महामन्त्रनयोद्भूतो महामन्त्रनयात्मकः॥१॥

ज्ञान-मयकाय नै महावैरोचन हो, महाबुद्ध प्रबोध भएको हुनाले बुद्ध भनिएको हो। वाणीले ~~बुद्ध~~ वर्णन गर्न नसक्ने बुद्धरूप वाक्चित्त-मौनको योग भएको, मनन गर्ने हुनाले महामुनि भनिएको हो। महाबुद्धज्ञान नै मन्त्र हो, त्यसबाट समुद्भूत प्राणीले युक्त, अतएव महामन्त्रनीतियुक्त तथागत हुन्छन्।

दशपारमिताप्राप्तो दशपारमिताश्रयः।
दशपारमिताशुद्धिर्दशपारमितानयः॥२॥

दशपारमिताहरू दान, शील, क्षान्ति, वीर्य, ध्यान, प्रज्ञा, उपाय, बल, ज्ञान, यी दशपारमिताको साक्षात्कर्ता, तिनको नै आश्रय प्रतिष्ठितः, यी दशपारमिताको आभास आलोक भावद्वारा त्यहीं लोपात्म-गर्ने बोधिसत्त्व, आभास आलोक भावद्वारा त्यहीं लोपात्म-गर्ने बोधिसत्त्व, त्यसैले दशपारमितामार्गभेद-रूपले विशुद्धभावमा रहने, त्यसैले दशपारमितामार्गभेद-रूपले विशुद्धभावमा रहने नेता पनि तथागत हुन्छन्॥२॥

दशभूमीश्वरो नाथो दशभूमिप्रतिष्ठितः।
दशज्ञानविशुद्धात्मा दशज्ञानविशुद्धधृक्॥३॥

प्रमुदितादि दशभूमिआदिको ईश्वर, समाधिको अनुगमन गर्नाले नाथ भएको, दशभूमिमा प्रतिष्ठित, धर्मादि दशज्ञानको विशुद्धताको निमित्त, विषयविषयीरूप दशज्ञानको विशुद्धताको नेता एवं धारणकर्ता भगवान् तथागत हुन्छन्॥३॥

दशाकारो दशार्थार्थो मुनीन्द्रो दशबलो विभुः।
अशेषविश्वार्थकरो दशाकारवशी महान्॥४॥

~~दश~~ प्राण-वाम दक्षिणादि दशमण्डलको निरोधद्वारा दशाकाररूप, त्यसैले प्राणसमानादि दशवायुको धारणगर्नाले दशार्थार्थरूप, त्यसैले दशमुनीन्द्र पनि भनिन्छ। पूर्वमा दश अवस्थामा नै बल भएको दशबल, तीनलोकव्यापी भएकोले विभु, एक-एक-धातु आयतनादिको प्रकाशन गर्नाले अशेषविश्वार्थकर, पूर्वमा दशवायुहरूको निरोध लक्षणयुक्त समाधिमा अवस्थित हुने,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(यहाँले ने वहीं नामिषणको हो। सद्भावरूपले तीनैलोकलाई प्रकाशित गर्नाले महान् संज्ञा भएका ~~@~~ तथागत बुद्ध हुनुहुन्छ।

अनाविर्निष्प्रपञ्चात्मा शुद्धात्मा तथतात्मकः।
भूतवादी यथावादी तथाकारी अनन्यवाक् ॥५॥

आदिकल्पित, सर्वविध अप्रत्यक्षरूपविवर्जित, निराकारभावभएको, महारागरूप ~~@~~ आगोले स्कन्ध-धातु-आयतनको आवरणलाई डढाएको, महाशुद्धरूप बिन्दुमा विहार गर्ने, अविपरीत पुरुषको वाणी एवं प्रकाशक, जस्तो वचन दिन्छौ तै कर्ता, आफ्नो अनुभवको मात्र व्याख्याता तथागत बुद्ध हुनुहुन्छ ॥५॥

अद्वयोऽद्वयवादी च भूतकोटिव्यवस्थितः।
नैरात्म्यसिंह ~~@~~निर्नादी कुतीर्थ्यमृगभीकरः ॥६॥

पुरुषद्वयरूप अद्वय, त्यसलाई प्रकाशन गर्ने अद्वयवादी, ~~@~~ वास्तविक ज्ञानको शिखरमा अवस्थित, सबै धर्मदलको नैरात्म्यबोध यही नै सिंह, अनाहतनादमा उल्लेखित, अतत्त्वज्ञानरूप आत्मादितत्त्वलाई मान्ने कुतीर्थ्यरूप मृग दललाई सिंहनिनादले डराउने, शून्यतारूप निनादने सिंहनिनाद गर्नेहुनुपर्दछ ~~त्यस्ता~~ यस्तो तथागत- बुद्ध हुनुहुन्छ ॥६॥

सर्वत्रगोऽमोघगतिस्तथागतमनोजवः।
जिनो जितारिर्विजयी चक्रवर्ती महाबलः ॥७॥

सबै स्कन्ध-धातु-आयतनादिमा व्यापकरूपले रहने, त्यसैले अव्याहतगति भएको, तथागतरूप, त्रैधातुकमा मनजस्तो तीव्र वेगले ~~...~~ जानसक्ने, रागलाई जित्ने, अविद्यादि द्वादशप्रतीत्यसमुत्पाद निरोध गर्ने हुनाले जितारिः। सबै विकल्पात्मक वायुको विजय गर्ने, षट्चक्रमा रहनसक्ने हुनाले चक्रवर्ती तथा चतुरङ्ग षडङ्ग बलको विजय- गर्नाले महाबल तथागत बुद्ध हुनुहुन्छ ॥७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गणमुख्यो गणाचार्यो गणेशो गणपतिर्वशी ।
महाज्ञानो धौरेयोऽनन्तनेत्रो महानयः ॥ ८॥

७२ हजार नाडीगणमा व्याप्त स्वामीका रूपमा मुख्य
भएका, प्रमाणहरूको आचार्य = पथप्रदर्शक, पञ्च-
तत्त्वादि पदार्थको सहजरूपमा परिवर्तन गर्नाले गणेश-
स्वरूप, मायोपम पदार्थहरूको स्वामी बोधिचित्त-
स्वरूप र ध्यानमा पनि सबै रूपको प्रकाश गर्ने,
प्रभावशाली, ~~प्रभा~~ प्राणादिवायुहरूको महाप्रभावमा परिवर्तन
गर्ने, हुनाले धुरन्धर, अरु कसैले प्रयोग गर्न नसक्ने,
मिलनबन स्वरूपात्मक तथागत हुनुहुन्छ ॥८॥

वागीशो वाक्पतिर्वाग्मी वाचस्पतिरनन्तगीः ।
सत्यवाक् सत्यवादी च वदुः सत्योपदेशः ॥ ९॥

वरदान आदि दिन सक्ने वाणीले युक्त भएका, अनाहतनाद-
रूपवाणीले युक्त भएका, धर्मनैरात्म्य प्रकाश भएकाले वाग्मी,
सर्वव्यापक, अनन्तवाणी भएका धर्मचक्रप्रवर्तक
स्वसंवेद्य ज्ञानप्रकाशक, सद्ज्ञान द्वारा उपदेशक तथागत
हुनुहुन्छ ॥९॥

अवैवर्तिको ह्यनागामी वशी प्रत्येकनायकः ।
नानाधिष्ठानियातो महाश्रुतैककारणः ॥ १० ॥

अचलाभूमिमा अवस्थित, असंसारी, सबै नाडीहरूमा प्रकाशित,
महासुखप्राप्ति द्वारा प्रत्येक नाडीको नायक, समस्तविकल्प क्लेशलाई
समाप्त पारेर पूर्णरूपमा अवस्थित, धर्ममहाश्रुतको पनि कारणस्वरूप,
आधार तथागत हुनुहुन्छ।

अर्हन् क्षीणास्रवो भिक्षुर्वीतरागो जितेन्द्रियः ।
क्षेमप्राप्तोऽभयप्राप्तः शीतीभूतो ह्यनाविलः ॥ ११ ॥

सम्यक् समाधि द्वारा समस्तविकल्प क्लेशरूपशत्रुलाई जितेको,
अविद्याको नाश द्वारा समस्त आस्रवहरू क्षीण भई सकेको हुनाले
भिक्षुस्वरूप, प्राकृतिक रागको नाशले वीतराग भएका, समस्त इन्द्रिय
माथि विजय गरेका, आश्चर्यजनक भाव प्राप्त गरेका, च्युतन
हेतु प्रज्ञाप्तिद्वारा अभयपद प्राप्त गरेका, रागनाशद्वारा शीतल भएका, रागविराग-
रहित भएका शान्तकाय तथागत हुनुहुन्छ ॥११॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विद्याचरणसम्पन्नः सुगतो लोकविद्वरः ।
निर्ममो निरहङ्कारः सत्यद्वयनयस्थितः ॥१२॥

महाप्रज्ञा ज्ञानद्वारा चतुर्थाभिषेक ग्रहण गरेका प्रज्ञावृत्ति सहित अवस्थामा प्रयोगका हुनाले सुगत, स्कन्ध धातु आयतनादि लोकलाई जानेका, परमानन्दप्राप्तिद्वारा महासुखरूप गणका, आत्मीयादि ममतारहित हुनाले निर्मम, अहङ्काररहित, संवृति र परमार्थ ~~मार्ग~~ मार्ग सत्यका वेत्ता भगवान् तथागत हुनुहुन्छ ॥१२॥

संसारपारकोटिस्थः कृतकृत्यः स्थलीस्थितः ।
कैवल्यज्ञाननिष्ठ्यूतः प्रज्ञाशस्त्रो ~~विदा~~ विदारणः ॥१३॥

संसारको पारि आनन्दपारगरेर सहजानन्दभूमिमा अवस्थित, चतुर्थाभिषेक लिई-सकेका, निर्वाण ~~स्व~~रूपभूमिमा स्थित अर्थात् ज्ञानकाय, शुद्ध अद्वय-धर्मलक्षण ज्ञानमा स्थित अर्थात् धर्मकाय, ~~यहीं~~ यहाँ बाट पनि पर अक्षरभूमिमा स्थित, विश्वविनाशदर्शिरूप शस्त्रद्वारा समग्र क्लेशलाई नष्ट गर्ने, त्यसैले हेय उपादेय विकल्पजाललाई तोडेर अवस्थित भगवान् तथागत हुनुहुन्छ ॥१३॥

सद्धर्मो धर्मराड् भास्वान् लोकालोककरः वरः ।
धर्मेश्वरो धर्मराजः श्रेयो मार्गोपदेशकः ॥१४॥

सद्गुरूपदेशद्वारा प्राप्त हुने एवं 'एवं' काररूप ~~युगल~~ युगलक्षणभूमा हुनाले ती सद्धर्मस्वरूप ~~भर्~~ भएका, धर्मधातुमा अवस्थित, प्रकाशनशील, शुद्धरूप ज्योतिद्वारा ~~प्रका~~ लोकालोकलाई प्रकाशन गर्ने, साथै अतिशय उत्कृष्ट ज्योतिस्वरूप, महासुखको वर्षाद्वारा लोक-रञ्जन गर्ने, स्वाधिष्ठानमार्गको उपदेशक भगवान् तथागत हुनुहुन्छ।

सिद्धार्थः सिद्धसङ्कल्पः सर्वसङ्कल्पवर्जितः ।
निर्विकल्पोऽक्षयो धातुर्धर्मधातुः परोऽव्ययः ॥१५॥

सर्व धर्म (पदार्थ) हरूलाई ज्ञान~~~~मा परिणत गर्ने, त्यही परमार्थरूप हो, निरन्तर ग्राह्यग्राहकवेत्ता, त्यसैले सर्वसङ्कल्परहित अवस्थामा स्थित, निर्विकल्पचित्तद्वारा सर्वकर्म गर्ने, क्षयरहित, सबै पदार्थको प्रकृति-रूप, कायत्रयसत्वं महासुखरूप, च्युत नहुने, स्वयम्भू स्वरूप भगवान् तथागत हुनुहुन्छ ॥१५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुण्यवान् पुण्यसंभारो ज्ञानं ज्ञानाकरं महत्।
ज्ञानवान् सदसज्ज्ञानी ~~संभार~~ संभारद्वयसंभृतः ॥१६॥

महाकरुणारूप पुण्यले युक्त, त्यसै पुण्यसमूहले व्याप्त - पुण्यज्ञानवान्, ज्ञानसंभारयुक्त, त्यसैले ज्ञानको खानी, सोह्र कलायुक्त निरपेक्ष निर्विकल्प ज्ञानमा स्थित, सर्वज्ञभवारयुक्त, दुई संभारले युक्त भगवान् तथागत हुनुहुन्छ ॥१६॥

शाश्वतो विश्वराड् योगी ध्यानं ध्येयो धियां पतिः।
प्रत्यात्मवेद्यो ह्यचलः परमाद्यस्त्रिकायधृक् ॥१७॥

समग्र लोकप्रकाशमा व्याप्त प्रकाशरूप शाश्वत, ८२ हजार नाडीले विश्व हो त्यही पुरुषरूपमा रहने हुनाले विश्वराट्, कायवाक् चित्तलाई एकाग्र गर्ने, ध्यानानन्दमा अवस्थित, सहप्रज्ञामा अवस्थित, सर्व तथागतज्ञानकायरूप, आफैंमा आनन्दको अनुभव गर्ने, विकल्पवायुरहित, वज्रसत्त्वरूप, त्रिकायलाई धारण गर्ने भगवान् तथागत हुनुहुन्छ ॥१७॥

पञ्चकायात्मको बुद्धः पञ्चज्ञानात्मको विभुः।
पञ्चबुद्धात्ममुकुटः पञ्चचक्षुरसङ्गधृक् ॥१८॥

जाग्रत्-स्वप्न-सुषुप्त-तुरीय-तुरीयातीत अवस्थायुक्त, आफैंमा बुद्धरूप बुद्ध, पञ्चकुलात्मक ज्ञानले युक्त, व्यापक, निरावरण- पञ्चकायप्रकाशक हुनाले पञ्चबुद्धात्ममुकुटरूप, प्रत्यालीढ- ध्यान गणनायकस्थल अनुभूतिको प्रकाशनद्वार पञ्चचक्षुरूप, समाधिमा लीन रहने भगवान् तथागत हुनुहुन्छ ॥१८॥

जनकः सर्वबुद्धानां बुद्धपुत्रः परो वरः।
प्रज्ञाभवोद्भवो योनिर्धर्मयोनिर्भवान्तकृत् ॥१९॥

महापुरुषरूप ८४ हजार चित्तक्षणहरूको जनक, प्रभास्वरचित्त- युक्त हुनाले बुद्ध, त्यसै ज्ञानमा आसक्त बुद्धपुत्र, तीन आनन्दलाई पार गरेका, आफ्नो अनुभवमा रत, विश्वबिम्बको उत्पत्तिस्थान, संभोगकायरूप, ज्ञानकायरूप, संसारको अन्त गर्ने सहजानन्दमा स्थित भगवान् तथागत हुनुहुन्छ ॥१९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घनैकसारो वज्रात्मा सद्योजातो जगत्पतिः ।
गगनोद्भवः स्वयम्भूः प्रज्ञाज्ञानानलो महान् ॥२०॥

घनैकसारो = निबिड, अद्वितीय, सद्वस्तुमा अवस्थित, ज्ञानकायरूप, श्रद्धाशील आदिसाधकको हृदयमा तुरुन्तै आविर्भूत हुने हुनाले सद्योजात, सर्व संसारको मातापिताको स्थानमा अवस्थित, मेघरहित = क्लेशहीन गगनबाट उत्पन्न = आकाशीय, सबै विकल्परहित चित्तयुक्त, ज्ञानज्वालायुक्त = वैरोचन र सर्वव्यापक तथागत हुनुहुन्छ ॥२०॥

वैरोचनो महादीप्तिर्ज्ञानज्योतिर्विरोचनः ।
जगत्प्रदीपो ज्ञानोल्को महातेजाः प्रभास्वरः ॥२१॥

प्रकृति प्रभास्वर ज्ञानको वैरोचन हो, ठूलो प्रकाशयुक्त, ज्ञानको दीपजस्तो जगत्लाई प्रकाश गर्ने, ज्ञानको ज्योतिमय भएका, अतिशय तेजस्वी रश्मीले उज्ज्वल भएका, भगवान् तथागत हुनुहुन्छ प्रभास्वर प्रकाशमय ॥२१॥

विद्याराजोऽग्रमन्त्रेशो मन्त्रराजो महार्थकृत् ।
महोष्णीषोऽद्भुतोष्णीषो विश्वदर्शी वियत्पतिः ॥२२॥

महामुद्राको स्वामी, महाबुद्धिमा प्रधान, ~~हुनाले~~ पारमार्थिक मन्त्रको राजा, महाबुद्धिरूपले तीनै लोकमा प्रकाशित हुने, ज्ञानबिन्दुबाट उत्पन्न ~~उष्णी~~ उष्णीषस्थानस्थ ज्ञानरूप, सम्बोधिलाई देखाउन सक्ने, शून्यताको स्वामी भगवान् तथागत हुनुहुन्छ ॥२२॥

सर्वबुद्धात्मभावाग्र्यो जगदानन्दलोचनः ।
विश्वरूपी विधाता च पूज्यो मान्यो महर्षिभिः ॥२३॥

सबै बुद्धहरूको स्वसंवेद्य बुद्ध ज्ञानात्मक श्रेष्ठ ज्ञानकाय, आनन्दरूपले समग्र जगत्लाई हेर्ने, स्थावर एवं चलपदार्थलाई अनेकरूपले हेर्ने, समग्र-मन्त्रमुद्राको जन्मदाता, सद्भावरूपमा स्थित हुनाले पूज्य, मित्र-मुद्रादिको सेवन गर्ने हुनाले मान्य, परम ज्ञानको वेत्ता भएकाले महर्षि स्वरूप भगवान् तथागत हुनुहुन्छ ॥२२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुलत्रयधरो मन्त्री महासमयमन्त्रधृक् ।
रत्नत्रयधरः श्रेष्ठस्त्रियानोत्तमदेशकः ॥२४॥

काय वाक् चित्तलाई धारण गर्ने, लोकोत्तरज्ञानलाई धारण गर्ने हुनाले मन्त्री, संबोधि समाधिलाई धारण गर्ने, धर्मकाय, संभोगकाय, निर्माणकायलाई धारण गर्ने, आदिअन्तरहित, चतुर्विज्ञान-रूको प्रकाशक भगवान् रत्नत्रय हुनुहुन्छ ॥२४॥

अमोघपाशो विजयी वज्रपाशो महाग्रहः ।
वज्राङ्कुशो महापाशः — ॥२५/३

इतिशुद्धधर्मधातुज्ञानगाथा पादोनपञ्चविंशतिः॥

अवश्य षड्योगा ~~[struck]~~ पाशले युक्त भएका, वायुचित्तादिलाई विजयी, महान् बोधिचित्तको चित्तरूपवज्रपाशले युक्त भएका, बोधिचित्त-अवस्थामा रहँदा, सबै समाधिलाई आकृष्ट गर्ने, त्वरा एक-ध्या-आदि-आसनलाई बाँध्ने भगवान् तथागत हुनुहुन्छ ॥ २५/३ ॥

इति शुद्धधर्मधातु ज्ञान गाथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आदर्शज्ञानम् (२९)

वज्रभैरवमीकरः ॥२५॥

एवं महासुखरूप सहजानन्दावस्थामा भएको हुनाले नै समतादृष्टि-गत विकल्पहरूलाई भजनीत गर्दै निर्विकल्प अवस्थामा स्थित भगवान् तथागत हुनुहुन्छ ॥२५॥

क्रोधराट् षण्मुखो भीमः षण्नेत्रः षड्भुजो बली।
दंष्ट्राकरालः कङ्कालो हलाहलः शताननः ॥१॥

महासुखस्वभाव भएकाले, प्रत्यक्षादि षड्मुखयुक्त, सर्व दुःखको नाश गर्ने हुनाले भीम, षड् अभिज्ञादि स्वभाव युक्त षण्नेत्र, षड्विषयलाई सुखरूपले भोग्ने षड्भुज, स्कन्धादिको वेग गर्न समर्थ हुनाले बली, चण्डालीको उत्पादक ~~हुनाले~~ सुखको आकलन गर्ने हुनाले कङ्काल, आकाशस्वरूप ज्ञानले सुख-स्वरूप भएको भगवान् तथागत हुनुहुन्छ ॥१॥

यमान्तको विघ्नराजो वज्रवेगो भयङ्करः।
विघुष्टवज्रो हृद्वज्रो मायावज्रो महोदरः ॥२॥

मृत्युको दहनकर्ता, कामको अन्तक, सम्यक्ज्ञानको वेगरूप, नादबिन्दुलाई एक गरेर समस्तविकल्पलाई समाप्त गर्ने, महाशब्दद्वारा आवेशवज्रयुक्त, त्यहीँ नै सहजकाय हृदयवज्रहो, मायादिपदार्थद्वारा आवेश करन भएका, समग्रभावहरूलाई आत्मसात गर्ने भगवान् तथागत हुनुहुन्छ ॥२॥

कुलिशेशो वज्रयोनिर्वज्रमण्डो नभोपमः।
अचलैकजटाटोपो गजचर्मपटार्द्रधृक् ॥३॥

ओडियान (जालन्धरको बीचमा महासुखरूपले रहने हुनाले हृदिस्वरूप, कायवाक्चित्तहरूको उत्पत्तिस्थान एवं ~~अभेद्य~~ अभेद्य शान्तिस्वरूप, हठरूप, प्राणलाई अनिश्चल हुने, समाधिस्वभावमा रहने, दिव्य मुद्राधारण गर्ने आनन्दमय हर्षित गजचर्मजस्तो अवस्थामा स्थित भगवान् तथागत हुनुहुन्छ ॥३॥

हाहाकारो महाघोरो हीहीकारो भयानकः।
अट्टहासो महाहासो वज्रहासो महारवः ॥४॥

महासुखमय परिहै त्यो आनन्दको क्षणमा 'हाहा' यस्तो ध्वनि प्रकट गर्ने, त्यो शब्द अति तीव्र भएका, 'हीही' यस्तो शब्द प्रकट गर्ने आनन्दको क्षणमा, पराक्रमी, महामुद्राप्रयोगद्वारा स्थूल हाँस्ने, ज्ञानद्वारा हाँस्ने, नाद्यसुखद्वारा हाँस्ने, तीनै लोकमा सुखको हाँसो हाँस्ने तथागत हुनुहुन्छ ॥४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वज्रसत्त्वो महासत्त्वो वज्रराजो महासुखः।
वज्रचण्डो महामोदो वज्रहुँकारहुँकृतिः ॥५॥

अनेकबोधिचित्त भएका, अविच्छिन्न ज्ञानबिन्दुमा स्थित भएका, वज्रचित्त महासुखमा रहेका, त्यसैले महासुखी, निर्वाणगतिको वेगमा रहने, अन्तमा आनन्दित हुने ओडियान-जालन्धर-पुल्लीरमलय-मरु ~~आदि~~ सबैद्वारा सधैं हुँकार गरिरहने भगवान् तथागत हुनुहुन्छ ॥५॥

वज्रबाणायुधधरो वज्रखड्गो निकृन्तनः।
विश्ववज्रधरो वज्री एकवज्री रणञ्जहः ॥६॥

दुई नासिकाको श्वासद्वारा समाधिस्थ रहने, अद्वयज्ञानरूपी खड्ग लिने, वासनाहरूलाई काट्ने, अक्षोभ्यादि पञ्च तथागत-स्वभाव र लोचनादि पञ्चदेवी स्वभावलाई सम्पुट द्वारा सम्भोगरत निश्चल गर्नाले विश्ववज्रधर भनिएको हो, अनेकज्ञानको धारक, अद्वयज्ञानयुक्त भएका एकवज्री, कामसुखादि विकल्परूपको ~~नाश~~ हनन गर्नाले रणञ्जह भगवान् तथागत हुनुहुन्छ ॥६॥

वज्रज्वालाकरालाक्षो वज्रज्वाला शिरोरुहः।
वज्रावेशो महावेशः शताक्षो वज्रलोचनः ॥७॥

ज्ञानज्वालाको ज्वलनद्वारा सुखपूर्वक हेर्न सक्ने, वज्रज्वाला-जस्तो अनेकरूपमा शिरमा रहने, वज्रको आवेश भएका, महान् सुखमा निमग्न, अनुभवज्ञानले ~~सय~~ शय आँखाहरूले हेर्ने, विश्वको अव्याहत दर्शन गर्ने तथागत हुनुहुन्छ ॥७॥

वज्ररोमाङ्कुरतनुर्वज्ररोमैकविग्रहः।
वज्रकोटिरवारम्भो वज्रसारघनच्छविः ॥८॥

साढे तीनकरोड रोमछिद्र हुँदै बग्ने नाडीहरूको अङ्कुरको ज्ञानसाथ भोग ~~गर्ने~~ गर्ने, अनेकज्ञानरूप रोमकै एकमात्र शरीर भएका, रातो सेतो नदेखिने आनन्दका बिन्दुहरूको आरम्भ गर्ने ज्ञानकाय स्वरूप, निर्विकार-निरन्तर वज्रजस्ता नाडी भएका भगवान् तथागत हुनुहुन्छ ॥८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

वज्रमालाधरः श्रीमान् वज्राभरणभूषितः।
हाहा हहासो निर्घोषो वज्रघोषः षडक्षरः॥ ९॥

सहजबिन्दु मालाको धारण गर्ने, अद्वैतज्ञानी, परमाक्षरदिक्रधारण-गर्ने, दिव्य स्त्रीहरूको भोग गर्नाले आनन्दातिरेकद्वारा निस्केका शब्दको घोष गर्ने, महाप्रणवनादमा व्याप्त – वज्रघोष, षट्चक्रमा अक्षरप्रणवको ज्ञान गर्ने भगवान् तथागत हुनु हुन्छ॥ ९॥

मञ्जुघोषो महानादस्त्रैलोक्यैकरवो महान्।
आकाशधातुपर्यन्तघोषो घोषवतां वरः॥१०॥

राम्रो शब्द गर्ने मञ्जुश्री, नादरूपले शब्द आउने हुनाले महानाद-स्वरूप, शून्यताको तीनै लोकमा घोषणा गर्ने, सबै प्रकारका शून्य प्रकाश भएर नै महान् भएका रवो घोष आकाशधातु पर्यन्त गर्ने, निःस्वभावरूपले सबै धर्महरूको ज्ञान गर्नाले भगवान् (कुटस्थ) सहस्रारमा स्थित प्रणवबिन्दु स्वरूप नै हुनुहुन्छ ॥१०॥

३

CC-0. In Public Domain. Digitization by eGangotri

प्रत्यवेक्षणज्ञानम्

तथताभूतनैरात्म्यभूतकोटिरलक्षणः ।
शून्यतावादिवृषभो गम्भीरोदारगर्जनः ॥१॥

प्रसिद्ध छ संज्ञास्कन्धस्वरूप अमिताभद्वारा प्रत्यवेक्षणज्ञानस्तुति गरिएको हो — दायाँ बायाँ नासापुटद्वारा निस्कने वायुलाई रोकेर पृथ्वी आदिपदार्थको आत्मीयता र आत्मभावको निरोध गर्ने, त्यसैले शून्यमा रहने, करुणारसले पूर्ण रहने, शून्यतावादी, सबै द्वन्द्वलाई नष्ट गर्ने, शून्यतारूप करुणाको गर्जन गर्ने भगवान् तथागत हुनुहुन्छ ॥१॥

धर्मशङ्खो महाशब्दो धर्मगण्डी महारणः ।
अप्रतिष्ठितनिर्वाणो दशदिग्धर्मदुन्दुभिः ॥२॥

शङ्खजस्तो निर्मल धर्मको उदय गर्ने, सिंहनादस्वरूप शब्दको प्रकट गर्ने, धर्मघोषस्वरूप भएकाले धर्मगण्डी भनिएका, धर्मको घोष गर्ने, अप्रतिष्ठितनिर्वाणमा रमण गर्ने, अनन्तानन्द धर्मपुलकोत्कल्याणको प्रकाशन गर्ने भगवान् तथागत हुनुहुन्छ ॥२॥

अरूपो रूपवानग्र्यो नानारूपो मनोमयः ।
सर्वरूपावभासश्रीरशेषप्रतिबिम्बधृक् ॥३॥

प्रकृतिस्वरूपनै रूप भएका, धर्मकाय रूपकायलाई एक गरेर स्वच्छस्वरूप भएका, सबै कामनालाई दमन गर्ने, सबै नाडीमा विभागनीले अनेकरूप भएका, एकैक्षणमा संकोचितरूपमा प्रवेश गर्ने, निःसङ्गरूपले सबै पदार्थहरूको स्वसंवेदन गर्ने, विश्वबिम्बको संभोगकायद्वारा प्रतिभासित गर्ने, धारण गर्ने भगवान् तथागत हुनुहुन्छ ॥३॥

अप्रमेयो महेशाख्यस्त्रैधातुकमहेश्वरः ।
समुच्छ्रितार्यमार्गस्थो धर्मकेतुर्महोदयः ॥४॥

सर्वप्रकारका विकल्परहित, अद्वयरूप ज्ञानसंसारमा रहने, धर्मसंभोग-निर्माणकाय एवं ज्ञानकायस्वरूप, अति उत्तम, विकल्परहित हुनाले आर्य, षट्चक्रकमलमा पुरुषरूपले रहने, सद्धर्मरूप पताकास्वरूप, अप्रमेय बुद्धबिम्ब अनन्तप्रतिभासरूपमा उदय हुने भगवान् तथागत हुनुहुन्छ ॥४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्रैलोक्यैककुमाराङ्गः स्थविरो वृद्धः प्रजापतिः ।
द्वात्रिंशल्लक्षणधरः कान्तस्त्रैलोक्यसुन्दरः ॥५॥

तीनकाय र त्रिलोकसँग अभिन्न महाप्रभाव भएका त्यही नै निरालम्बित धर्मधातु हो त्यही नै ~~[illegible]~~ उत्पत्तिस्वरूप भएका, सबै सिद्धिमा ज्येष्ठ भएका, ब्रह्माले प्रकाश भएका, सबै प्राणीहरूको उत्पत्ति स्थान भएका, चन्द्रमाका तीस कलाहरू जस्तै आफ्नो बत्तीस कला धारण गर्ने, ~~[illegible]~~ सबैलाई सुन्दर देखाउने, अतिशय सुन्दर तथागत हुनुहुन्छ ॥५॥

लोकज्ञानगुणाचार्यो लोकाचार्यो विशारदः ।
नाथस्त्राता त्रिलोकाप्तः शरणं तायी निरुत्तरः ॥६॥

इन्द्रियहरूको निवारणात्मक ज्ञानको उपदेष्टा, चतुर्थाभिषेकदाता, निर्भय, अद्वयतत्त्ववेत्ता, सधैं अच्युत अवस्थामा रहने, शून्यतोपदेशक, पाँच कामोपभोगमा पनि दोषहीन, पाँच महाभूतको एकीकर्ता, प्रज्ञामय-ज्ञानयुक्त, तीनलोकका प्राणीहरूका शरणस्वरूप भगवान् तथागत हुनुहुन्छ ॥६॥

गगनाभोगसम्भोगः सर्वज्ञज्ञानसागरः ।
अविद्याण्डकोशसंभेत्ता भवपञ्जरदारणः ॥७॥

अक्षयप्रभोक्ता, सबै प्रकार ज्ञानरत्नका, संसारवासनालाई नष्ट गर्ने, अथवा संसारवासना आदि अविद्याको वास्तविकस्वरूप देखाउने अथवा संसारवासना आदि अविद्याको नाशक भगवान् तथागत हुनुहुन्छ ॥७॥

शमिताशेषसंक्लेशः संसारार्णवपारगः ।
ज्ञानाभिषेकमुकुटः सम्यक्सम्बुद्धभूषणः ॥८॥

अज्ञानोपादानादि-अविद्यादि क्लेशहरूलाई प्रतीत्यसमुत्पादजन्य क्लेशनाशक, चतुर्थानन्दरूप अभिषेकद्वारा संसारसागरदेखि पार भएका, चतुर्थानन्दरूप अभिषेकद्वारा अज्ञान आदिको निवारण गर्ने, सम्यक्सम्बुद्धहरूलाई भूषित गर्ने चतुर्थ अभिषेकरूप किरीटले युक्त भगवान् तथागत हुनुहुन्छ ॥८॥

त्रिदुःखदुःख(श)मनः अनन्तोऽनन्तस्त्रिमुक्तिगः (?) ।
सर्वावरणनिर्मुक्त आकाशसमतां गतः ॥९॥

कायवाक्चित्त~~[illegible]~~का दुःखलाई ~~[illegible]~~, प्रज्ञोपाय द्वारा शमन गर्ने, चतुर्थस्वरूप, युगनद्धवाही, रागद्वेष र मोहबाट मुक्त, सबै आवरणबाट पनि विमुक्त, आकाशमा व्यापक तथागत भगवान् हुनुहुन्छ ॥९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वक्लेशमलातीतस्त्र्यध्वानध्वगतिं गतः ।
सर्वसत्त्वमहानागो गुणशेखरशेखरः ॥१०॥

सबै विश्वका विषयको दर्शन गर्ने सबै क्लेशहरूबाट मुक्त, भूतभविष्य-वर्तमान कालिक गतिरहित अवस्थामा पुगेका, अद्वय दर्शनद्वारा अनन्त-क्लेशमाथि विजय गर्ने, सबै बुद्धहरूको चूडामणि सम्यक्सम्बुद्धस्वरूप भगवान् तथागत हुनुहुन्छ ॥१०॥

सर्वोपाधिविनिर्मुक्तो व्योमवर्त्मनि सुस्थितः ।
महाचिन्तामणिधरः सर्वरत्नोत्तमो विभुः ॥११॥

सबै प्राणीहरूको शून्यादर्शन प्रति जसको अनभिज्ञता छ त्यस्तो सबै प्रकारको उपाधिबाट निर्मुक्त, त्यसैले शून्यतामा अवस्थित, ~~[illegible]~~ विकल्प योगबाट ~~[illegible]~~ अवस्थित, समग्र इच्छित पदार्थ उपलब्ध गराउने ~~[illegible]~~ सम्यक्सम्बोधि प्रदान गर्ने, सबै प्राणीहरूलाई अनुत्तर-आनन्दित गर्ने, त्यसैले व्यापक भगवान् तथागत हुनुहुन्छ ॥११॥

महाकल्पतरुः स्फीतो महाभद्रघटोत्तमः ।
सर्वसत्त्वार्थकृत्कर्ता हितैषी सत्त्ववत्सलः ॥१२॥

लोकोत्तर पदार्थहरू उपलब्ध गराउने हुनाले कल्पवृक्ष, समृद्ध, अतिशय भद्र, त्यसैले सबै प्राणीहरूको कल्याण गर्ने, सबैलाई सुख दिने धर्मको दाता, सबैको सुखको कामना गर्ने, संसारलाई नै प्रजावत् प्रेम गर्ने भगवान् तथागत हुनुहुन्छ ॥१२॥

शुभाशुभज्ञः कालज्ञः समयज्ञः समयी विभुः ।
सत्त्वेन्द्रियज्ञो वेलज्ञो विमुक्तित्रयकोविदः ॥१३॥

शुभर अशुभ दुवैलाई जान्ने, बोधिको अवस्थालाई जान्ने, काय-वाक्-चित्त ज्ञानलाई जान्ने त्यसैले ~~समी~~ समयी, व्यापक, सबै-प्राणीका इन्द्रियको वेत्ता, धर्मदानको समयवेत्ता, शून्य-लक्षण-महामुद्रा सिद्धि ~~हरूको वि~~ आदि मुक्तिहरूको ज्ञाता पण्डित तथागत हुनुहुन्छ ॥१३॥

गुणी गुणज्ञो धर्मज्ञः प्रशस्तो मङ्गलोदयः ।
सर्वमङ्गलमाङ्गल्यः कीर्तिर्लक्ष्मीर्यशः शुभः ॥१४॥

सत्त्वगुणसमो ~~[illegible]~~ गुणयुक्त, आफ्नो स्वरूपको वेत्ता, लोकोत्तर धर्म महासुखको ~~[illegible]~~ आस्वादन गर्ने, सम्पूर्ण जगत्‌को शान्ति गर्ने,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जसबाट सबै मङ्गलहरूको उदय हुन्छ त्यस्तो, तीनजना-दनजनदयकी मानिसहरूको सहभाव-स्वरूप, अविनाशी प्रशस्तस्वरूप कीर्तिले युक्त, सबै सम्पत्तिको व्यापक, विचित्र यशले युक्त, सबै प्रशंसकहरूको प्रशस्तिस्वरूप भगवान् तथागत हुनुहुन्छ ॥१४॥

महोत्सवो महाश्वासो महानन्दो महारतिः।
सत्कारः सत्कृतिर्भूतिः प्रमोदः श्रीर्यशस्पतिः ॥१५॥

अविच्छिन्न सुखको उत्सवले युक्त, प्राणायामको अभ्यास द्वारा महाप्राणमा प्रविष्ट, अद्वयधर्मसुखको प्रकाशनले महानन्दस्वरूप, सबै प्राणीहरूलाई महासुखरति, बोधिचित्त पतनले सबै नाडीमा व्याप्त हुने, आफ्नै सत्कारस्वरूप भएका, अविच्छिन्न सुखस्वरूप, पारमार्थिक हर्ष योग भएका, भूति, सौमनस्य र यशका मालिक कायवाक्चित्त-भगवान् तथागत हुनुहुन्छ ॥१५॥

वरेण्यो वरदः श्रेष्ठः शरण्यः शरणोत्तमः।
महाभयारिः प्रवरो निःशेषभयनाशनः ॥१६॥

ज्ञानमूर्ति भएकाले वरेण्य, अभिप्रायपूर्ति गर्नाले वरद, दूरदर्शिता र करुणाले युक्त हुनाले श्रेष्ठ, प्राणीहरूको शरण्य, महासुखरति हुनाले शरणोत्तम, संसारवासनारूप भयको नाशक हुनाले महाभयारि, त्यसैले उत्तम, सबै प्रपञ्चगत भयको नाशक भगवान् तथागत हुनुहुन्छ ॥१६॥

शिखी शिखण्डी जटिलो जटी मौण्डी ~~कोटि~~ किरीटमान्।
पञ्चाननः पञ्चशिखः पञ्चचीरकशेखरः ॥१७॥

सहस्रचक्रालीले युक्त, अग्नि-वायु क्रियात्मक स्वरूप हुनाले शिखण्डी, सबै धर्महरूलाई एकात्मता गर्नाले जटिल, पारमार्थिक मुण्डभाव भएका, सबै विकल्पको मुकुट नाश गर्ने किरणले युक्त, पञ्चप्राणलाई नै मुख बनाएका, लोक-आलोकाभास-आलोकउपलब्धि-प्रभास्वर धर्मधातुले युक्त, जागृत आदि पञ्चपदार्थ युक्त भगवान् तथागत हुनुहुन्छ ॥१७॥

महाव्रतधरो मौञ्जी ब्रह्मचारी व्रतोत्तमः।
महातपास्तपोनिष्ठः स्नातको गौतमोऽग्रणी ॥१८॥

स्कन्ध-धातु-आयतन इन्द्रियार्थ पदार्थहरूलाई निःस्वभाव गर्ने व्रतधारण गर्ने, बोधिचित्तलाई ब्रह्मस्थानमा स्थित, अच्युत बोधिचित्त द्वारा ब्रह्मचारी, त्यसैले ठूला व्रती, षडश्वासलाई बिन्दुमा समाविष्ट गर्ने,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

परमसुखदुःखस्वरूपद्वन्द्वलाई संमुखमा गरेर, अष्टाङ्गयोगरूपनदीमा स्नान गरेर, परमज्ञान सुखले युक्त हुनाले नै गौतम सिद्धार्थमुनिका, सहजआनन्दमा संलग्न भगवान् तथागत हुनुहुन्छ ॥१८॥

कुशलविद् कुशलो कुशला कुशलाविर्भावभावनः ।
मुक्तिर्मोक्षो विमोक्षाङ्गो विमुक्तिः शान्त एव हि ॥१९॥

कल्याणाऽभिज्ञाहरू जान्ने कुशल हो त्यसको वेत्ता, परमाक्षरसुखरूप 'हं' कारहो-रहित परमतत्त्वज्ञाता हो त्यसमा अवस्थित भएर सर्वविकल्परूप वायु-लाई हटाउने कुशल हो, ध्यानमा अवस्थित हुनाले कुशला, निर्वाणआनन्दमा अवस्थित, शून्यतामा स्थित, चतुर्थ अवस्थामा स्थित, ज्ञानाग्निद्वारा सत्त्वरजतम आदिलाई भस्म गर्ने कुशलरूपस्वरूप, प्राकृतरागादिवासनामुक्त भएर महारागको पछाडी लाग्ने मोक्ष विमुक्त, गाढनिद्रामा अवस्थाबाट शान्त, सर्वे सर्वकल्याणकारक शिव तथागत हुनुहुन्छ ॥१९॥

निर्वाणं निर्वृतिः शान्तिः श्रेयो निर्याणमन्तकः ।
सुखदुःखान्तकृन्निष्ठा वैराग्यमुपधिक्षयः ॥२०॥

पदार्थरूप आत्मपदार्थको भिन्नता रहित, बाह्यपदार्थको आलम्बन रहित, अद्वितीय स्वसंवेद्य महामुद्राज्ञानमा अवस्थित भएकाले शान्त, त्यसैले परमकल्याण, महासुख, सर्वविकल्परूपहरूको नाशक, वीर्यहरूको क्षय नहुनाले प्रज्ञा उपायद्वारा सुखदुःखमा अद्वयभएका; प्राकृतवैराग्य हटेर अच्युतमहारागमा अवस्थित हुनाले भगवान्, वासना हट्नाले बुद्धिद्वयरूप सर्वधातु ज्ञानस्वरूप भगवान् तथागत हुनुहुन्छ ॥२०॥

अजयोऽनुपमोऽव्यक्तो निराभासो निरञ्जनः ।
निष्कलः सर्वगो व्यापी सूक्ष्मो बीजमनास्रवः ॥२१॥

विकल्पादिद्वारा विजयगर्न नसकिने, सबै सुखको उपमारहित, व्यक्तस्वरूप-रहित, प्रकाशात्मक, निर्लेप, षोडशकलादेखि अतीत, स्पर्शकारणरूप, स्थिरचलस्वभावयुक्त, मनले पनि चिन्तन गर्न नसकिने, सर्वधातुहरूमा, प्रयोजनद्वारा जानिने भगवान् तथागत हुनुहुन्छ ॥२१॥

CC-0. In Public Domain. Digitization by eGangotri

अरजो विरजो विमलो वान्तदोषो निरामयः।
सुप्रबुद्धो विबुद्धात्मा सर्वज्ञः सर्ववित् परः॥२२॥

राग-विराग-मत्सरादिरहित, तथता विशुद्धस्वरूपयुक्त, आगन्तुकमल-रहित, सबै प्रकृतिरहित, बाह्यविक्षोभ आदिरहित, अविद्यातिमिरप्रभास्वरका देखा, स्वप्रकाश-आदिको सहजरूपमा स्वरूपज्ञानी ज्ञानरूपले सबै धर्मको संख्यान गर्ने, सबै प्राणीहरूको चित्त-चरित्रको विज्ञ, त्यसैले अतिशय उत्कृष्ट भगवान् तथागत हुनुहुन्छ॥२२॥

विज्ञानधर्मतातीतो ज्ञानमद्वयरूपधृक्।
निर्विकल्पो निराभोगस्त्र्यध्वसम्बुद्धकार्यकृत्॥२३॥

आलयविज्ञानको अतिक्रान्त गर्ने, ज्ञानरूप भगवान् अथवा ज्ञान नै भगवान्, परमार्थज्ञान विकल्पले उपादानगामी स्वरूप द्वारा अद्वयका धारणकर्ता, सन्ध्या आदि परिरहित, धारणकामको उपभोगरहित, दिन रात सबै कार्यहरू द्वारा प्राणी-समयमा कायवाक्चित्त निर्माण संभोग धर्मकायहरू द्वारा तीन कालका बुद्धहरूको अनुभव गर्ने भगवान् तथागत हुनुहुन्छ॥२३॥

अनादिनिधनो बुद्ध आदिबुद्धो निरन्वयः।
ज्ञानैकचक्षुरमलो ज्ञानमूर्तिस्तथागतः॥२४॥

सबै पदार्थको उत्पत्ति निरोध रहित भएका, सबै पदार्थको धर्मधातुका ज्ञान द्वारा बुद्ध, ग्राह्यग्राहक समानरूपमा देख्ने, संबोधिलक्षण बुद्धस्वरूप आदिबुद्ध, अद्वयज्ञान नै अद्वितीय लक्षण धर्मको सँग सम्बन्धित छ, चक्षु भएका, शून्यतामूर्ति, कर्मादिमुद्रा प्राप्त बुद्धको देवता तथागत भगवान् हुनुहुन्छ॥२४॥

वागीश्वरो महावादी वादिराट् वादिपुङ्गवः।
वदतां वरो वरिष्ठो वादिसिंहोऽपराजितः॥२५॥

अनाहतध्वनिको उल्लास द्वारा वाणीलाई वशमा गर्ने, वादीहरूको पनि विजयी, दिव्यमुद्राप्रदर्शन गर्नाले वादीहरूका राजा, अद्वयज्ञानका वादी, सर्वधर्मको बोधका वक्ता, सहजबुद्धत्व-अनुभवरूपले गर्दा वरिष्ठ, सहजज्ञानधातुको प्रकाशन द्वारा विपक्षगणका वादीसिंह, विकल्पले जित्न नसक्ने भगवान् तथागत हुनुहुन्छ॥२५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

समन्तदर्शी प्रामोद्यतेजोमाली सुदर्शनः।
